केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/११/०६८/६९ मिति: २०६८/०७/२२

**सम्पूर्ण इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको लागि देहायका विषयको सम्बन्धमा देहाय बमोजिम गर्ने नीतिगत व्यवस्था कायम गरिएको हुँदा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

१. यस बैंकबाट जारी एकीकृत निर्देशन, २०६८ को निर्देशन नं. ६ को बुँदा नं. १ को संचालकले पालना गर्नु पर्ने आचरण सम्बन्धी व्यवस्था अन्तर्गत देहायको उपबुँदा थप गरिएको छः-

*"संचालक समितिको सदस्य समितिको बैठकमा नियमित रुपमा उपस्थिति हुनु पर्ने छ। मनासिव माफिकको कारण तथा पूर्व सूचना विना लगातार ३ पटकभन्दा बढी समितिको बैठकमा अनुपस्थित भएमा त्यस्तो संचालकको पद स्वतः रिक्त भएको मानिने छ।"*

२. यस बैंकद्वारा जारी गरिएको एकीकृत निर्देशन, २०६८ को इ.प्रा. निर्देशन नं. १६ को बुँदा नं. ३ को खण्ड (३) र खण्ड (४) मा उल्लेखित व्यवस्थामा संशोधन गरी देहायको व्यवस्था कायम गरिएकोछः-

*"(३) इजाजतपत्रप्राप्त संस्थाले लाभांश घोषणा गरेको मितिले पाँच वर्षसम्म पनि सम्बन्धित शेयरधनी वा निजको हकवाला सो लाभांश लिन नआएमा प्रत्येक आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र शेयरधनीको नाम नामेसी सहितको विवरण राष्ट्रियस्तरको पत्रपत्रिकामा कम्तीमा एकपटक प्रकाशन गर्नु पर्ने छ। यस्तो सूचना प्रकाशनपछि पनि लाभांशको भुक्तानी लिन नआएमा सम्बन्धित संस्थामा "दावी नभएको लाभांश खाता" खोली रकमान्तर गर्नु पर्ने छ। यसरी रकमान्तर भएको लाभांश रकमको विवरण अभिलेख गरी प्रकाशन गर्दा एकमुष्ट रुपमा प्रकाशन गर्न सकिनेछ। साथै प्रकाशित विवरणको एक प्रति यस बैंकमा पेश गर्नु पर्ने छ।*

*(४) इजाजतपत्रप्राप्त संस्थाले उपबुँदा (१) वा (२) बमोजिम चल्ती नभएका वा दावी नपरेका निक्षेपहरुको विवरण आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र राष्ट्रियस्तरको पत्रपत्रिकामा कम्तीमा एकपटक निक्षेपकर्ताको नाम नामेसी सहित प्रकाशन गर्नु पर्नेछ।"*

३. यस बैंकद्वारा जारी गरिएको एकीकृत निर्देशन, २०६८ को इ.प्रा. निर्देशन नं. २१ को बुँदा नं. ३५ Electronic Cheque Clearing सम्बन्धमा भएको व्यवस्थाको खण्ड (१) मा भएको पुराना ढाँचाका चेक/ड्राफ्ट क्लियरिङ्ग सत्र Net Clearing Position प्राप्त गर्ने समय र सेटलमेन्ट हुने समय क्रमशः दिउँसो २:०० बजे र दिउँसो २:१० बजेको सट्टा क्रमशः दिउँसो ३:०० बजे र दिउँसो ३:१० बजे कायम गरिएकोछ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

साथै, सो शिर्षक अन्तर्गतको खण्ड (६) बमोजिम लागू गरिएको Nepal Electronic Cheque Clearing (ECC) Rule Book, Nepal Electronic Cheque Clearing (ECC) Operating Rule र Cheque Standard & Specification मा यसै साथ संलग्न विवरण बमोजिम संशोधन गरी संशोधित Nepal Electronic Cheque Clearing (ECC) Rule Book, Nepal Electronic Cheque Clearing (ECC) Operating Rule र Cheque Standard & Specification लागू गरिएकोछ ।

भवदीय,

(भाष्करमणि ज्ञवाली)
कार्यकारी निर्देशक

बोधार्थ :

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
३. नेपाल सरकार, अर्थ मन्त्रालय, आ.का.वि. तथा नी.वि. महाशाखा, सिंहदरबार, काठमाडौं ।
४. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
९. श्री नेपाल राष्ट्र बैंक, बैंकिङ्ग कार्यालय ।
१०. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
११. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
१२. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं ।
१३. श्री नेपाल वित्तीय संस्था संघ, जमल, काठमाण्डौं ।
१४. श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं ।
१५. श्री नेपाल क्लियरिङ्ग हाउस लिमिटेड, कमलादी, काठमाडौं ।